विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ माघ २३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 06 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १६२

# निजगढ नगरपालिकाको निर्देशनपछि क्रसर उद्योग बन्द

## सार्वजनिकस्थलमा जथाभावी फालिएको टेनडाउन गिट्टी हटाउँदै

प्रस, निजगढ, २२ माघ/

निजगढ नगर कार्यपालिकाको बैठकले क्रसर उद्योग बन्द गर्न पत्राचार गरेपछि जथाभावी फालिएका टेनडाउन गिट्टी व्यवस्थापन गर्न निजगढका क्रसर उद्योगहरू लागिपरेका छन् ।


तस्वीरः जीतलाल श्रेष्ठ

जथाभावी सार्वजनिकस्थलमा क्रसर उद्योगद्वारा उत्पादित टेनडाउन गिट्टी फालेपछि उक्त स्थानहरू कुरूप देखिनुका साथै चरिचरनको क्षेत्रसमेत मासिंदै आएको थियो । यहाँ रहेका क्रसरहरूले निजगढ नपा-९ शहीद हीरालाल रङ्गशालाको दक्षिणतर्फको ३० बिघाभन्दा बढी जमीनमा वर्षौंदेखि टेनडाउन गिट्टी जथाभावी फाल्दै आएका छन् ।

यसरी फालिएका टेनडाउन गिट्टीलाई यसअघि पटकपटक उचित स्थानमा व्यवस्थापन गर्न क्रसर उद्योगलाई जानकारी गराउँदा पनि बेवास्ता गरेपछि सो गिट्टीको व्यवस्थापन नगरेसम्म क्रसर उद्योग सञ्चालन नगर्न पत्राचार गरेपछि पाँच दिनयतादेखि धमाधम टेनडाउन गिट्टी क्रसर उद्योगहरूले हटाउन थालेका हुन् ।

सो निर्णय निजगढ नगर कार्यपालिकाले यही माघ १४ गते गरेको सूचना अधिकारी रविन घिमिरेले बताए । "यसरी जथाभावी फालिएका टेनडाउन गिट्टीको व्यवस्थापन नभएसम्म उद्योग सञ्चालन नगर्न निनपा कार्यपालिकाको निर्णय अनुसार क्रसर उद्योगहरूलाई जानकारीका लागि पत्राचार गरेका छौं," उनले भने ।

पाँच दिनदेखि तीनवटा भ्याकुलोडर र पाँचवटा टिपर प्रयोग गर्दै नजीकैको बकैया खोला ड्यामनजीकै र आसपासमा ओसार्दै राखेको क्रसर उद्योगीले बताए ।

यसरी क्रसर उद्योगद्वारा प्रशोधित, उत्पादित प्रयोगमा तत्कालै नआएका नदीजन्य पदार्थ राख्दै आएपछि यसअघि हराभरा भएको ५०औं बिघाभन्दा बढी नदीउकास जमीन बन्जर र मरुभूमि बन्दै आइरहेको छ । नदीजन्य पदार्थ ठेकेदारबाट किनेर यसरी राखे पनि प्रशोधित गर्न उठाउने बेलामा प्राकृतिक साबिक जमीनभन्दा ५/७ फिट गहिरो गरी उठाउने गरिएको छ ।

उद्योगबाट उत्पादित तत्कालै बिक्रीमा नआउने टेनडाउन गिट्टीलाई जथाभावी नफाल्न आफूले भन्दै आए पनि केही उद्योगीले नमान्दा अहिले सबै क्रसर उद्योगहरूले समान समस्या बेहोर्नुपरेको एकजना क्रसर उद्योगीले बताए ।

अहिले व्यवस्थापनको नाममा वर्षौंदेखि मापदण्डविपरीत चल्दै आएका बारा निजगढका आठवटा क्रसर उद्योगले खासै प्रयोगमा नआउने १० एमएम साइज वा सोभन्दा मसिनो आकारका गिट्टी खोलाको ड्यामतर्फ व्यवस्थापन गरे पनि मानिस, पशु चौपाया, वन्यजन्तुहरूलाई हुन सक्ने जोखिमलाई कम गर्न सकेको छैन ।

यसरी फालिएका मसिनो गिट्टीका कारण वर्षामा भेलबाढीले बगाउन नसकेको थुप्रोमा परी भासिन सक्ने सम्भावना पनि त्यत्तिकै छ । जसका कारण ज्यानै जान सक्ने खतरा झनै बढेको छ ।

केही क्रसर उद्योगले यसरी फालिएका गिट्टीलाई पिंधेर डस्ट बनाइ सिमेन्ट निर्माणका लागि बिक्री गर्न थाले पनि अधिकांश क्रसरले सो प्रविधि नअपनाउँदा ठूलो परिमाणमा उत्पादित टेनडाउन गिट्टीको उचित व्यवस्थापन गर्न कठिनाइ हुँदै आएको छ ।

# एकजना महिलासहित ११५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २२ माघ/

वीरगंज महानगरपालिकामा शनिवार दुई स्थानमा भएको रक्तदान कार्यक्रममा ११५ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

भोलेन्टियर समूहको आयोजनामा वीरगंज-२८ बगहीमा भएको रक्तदान कार्यक्रममा एकजना महिलासहित ६३

(बाँकी अन्तिम पातामा)



तस्वीरः सौजन्य

# चौतारी पर्सा, बाराले स्थापना दिवस मनाए

प्रस, वीरगंज, २२ माघ/

प्रेस चौतारी नेपालको २४औं स्थापना दिवस शनिवार कार्यक्रमको आयोजना गरी मनाइएको छ ।



तस्वीरः प्रतीक

पर्सा/

नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाको सभाकक्षमा आयोजित स्थापना दिवसको उद्घाटन चौतारीका केन्द्रीय उपाध्यक्ष एवं प्रेस काउन्सिलका सदस्य लालबाबू शेखले गरेका थिए । उनले चौतारीलाई साङ्गठनिकरूपमा मजबूत गरेर अगाडि बढ्न सुझाएका थिए ।

नेकपा एमाले प्रचार तथा प्रसारण विभागका सदस्य महेश दासले प्रेस चौतारी देशभरि मजबूत बन्दै गएको बताए । उनले आफूले सो संस्थाको जिम्मेवारी वहन गरेका कारण पार्टीको जिम्मेवारीमा पुगेको भन्दै आफ्नो तहबाट सक्दो सहयोग गर्ने बताए ।

शाखा अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा भएको शुभकामना आदानप्रदान कार्यक्रममा चौतारीका केन्द्रीय सदस्य शत्रुघ्न नेपाल, केसी लामिछाने, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतले स्थापना दिवसको अवसरमा शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि शेखले एमाले प्रचार तथा प्रसारण विभागका सदस्य मनोनीत भएका दासलाई दोसल्ला, फूलमाला, अबिर लगाएर सम्मान गरेका थिए ।

कार्यक्रममा शाखा उपाध्यक्ष तुलसी भण्डारीले स्वागत र सचिव राजेन्द्र सिंह राजपूतले सहजीकरण गरेका थिए ।

**प्रस, परवानीपुर/**

प्रेस चौतारी नेपालको स्थापना दिवसको अवसरमा जिल्ला शाखा बाराले शनिवार कलैयास्थित अनाथ आश्रममा खाद्यान्न वितरण गरेको छ । चौतारीको २४औं स्थापना दिवसको अवसरमा कलैया उपमहानगरस्थित अमृता अनाथ आश्रममा चामल, दाल, नून, तेल, बिस्कुट, चाउचाउ, हर्लिक्स, मास्क, तरकारीलगायतका खाद्यान्न सामग्री वितरण गरिएको थियो ।




प्रेस चौतारी नेपाल बाराका जिल्ला अध्यक्ष दिवाकर भण्डारी र नेकपा एमाले बाराका अध्यक्ष विनोद साहले खाद्यान्न सामग्री आश्रमकी सञ्चालक फूलमतीदेवी बस्नेतलाई हस्तान्तरण गरेका थिए ।

सो अवसरमा अध्यक्ष साहले पत्रकारिताको माध्यमबाट समाजलाई सुसूचित गर्दै आएका पत्रकारहरूको सङ्गठनले गरेको सामाजिक क्रियाकलापलाई सबैले अनुसरण गर्नुपर्ने सुझाए । कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य कमल उपाध्याय, राष्ट्रिय युवा सङ्घ नेपाल बाराका अध्यक्ष पुरुषोत्तम साह, नेपाल पत्रकार महासङ्घ बाराका सचिव अनिल गौरवले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा आश्रमकी सञ्चालिका बस्नेतले समाचार लेख्ने पत्रकारले अनाथ बालबालिकालाई सम्झेर आश्रमसम्म आएकोमा खुशी व्यक्त गरिन् । कार्यक्रमबारे चौतारी बाराका उपाध्यक्ष राधेश्याम पटेलले प्रकाश पारेका थिए ।

कार्यक्रमको सहजीकरण सचिव अनिल तिवारीले गरेका थिए ।

# थारु समुदायमा दिउँसो विवाह गर्ने प्रचलन शुरु

प्रस, सेढवा, २२ माघ/

थारू समुदायमा परम्परागतरूपमा तीन दिनसम्म गरिने विवाह अहिले आएर एक दिनमा सीमित गरिएको छ ।

सामाजिक विकृति हटाउन आदिवासी थारू समुदायले तीन दिने वैवाहिक कार्यक्रमलाई खुम्च्याएर एकै दिनमा सम्पन्न गर्ने गरी दिउँसो गरिने विवाहलाई प्राथमिकता दिंदै आएको छ । राति विवाह गर्दा बेहुलाबेहुली पक्षबीच आर्थिक भार बढी हुने गरेकाले अहिले दिउँसो विवाह गर्ने प्रचलन बढेको हो ।


थारु समुदायको दिउँसो विवाह सम्पन्न हुँदै । तस्वीरः प्रतीक

पर्सागढी-३ गोडपसराका जयनारायण चौधरीले दिउँसो विवाह गर्दा आर्थिक भार कम हुने बताए । उनले राति विवाह गर्दा रोडलाइट, पटका, जन्ती लैजाँदा बिहान-बेलुकाको खर्च, रातिको जन्ती जानेहरूले मादक पदार्थ सेवन गरेर होहल्ला गर्ने, झगडा हुने सम्भावना बढी भएकाले दिउँसोको विवाह सो अनुपातमा फलदायी हुने भएकोले थारू समुदायले यसैलाई अनुसरण गरेको बताइएको छ ।

थारू कल्याणकारी समुदायका केन्द्रीय सदस्य बृजमोहन चौधरीले ढिलो गरी परम्परागत विवाहलाई निरुत्साहित गर्दै दिउँसो विवाह गर्ने प्रचलन बढेको र यसबाट थारू समुदायको विकासमा ठूलो टेवा पुगेको दाबी गरे ।

उनले थारू समाजमा पनि सामूहिक विवाहको अवधारणालाई अगाडि सारिएको र यो कार्यलाई प्राथमिकतामा राखिने बताए । उनले आर्थिकरूपले कमजोर अभिभावकहरूका छोराछोरीको विवाह सामूहिक विवाह अन्तर्गत गर्ने र आर्थिक भार कम गर्नेतर्फ समुदायका अगुवाहरू अग्रसर रहेको जानकारी गराए ।

## छोटकरी

### एकजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, २२ माघ/

नारायणी अस्पतालमा एकजना कोभिड सङ्क्रमितको मृत्यु भएको छ । अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले रौतहट जिल्ला दीपाही महादेवनारायण नगरपालिका-१ निवासी ७० वर्षीय पुरुषको मृत्यु भएको बताए ।

मृतक पुरुष माघ २१ गते भर्ना भएको र उनको एन्टिजन परीक्षणबाट सङ्क्रमण प्रमाणित भएका थिए । शनिवार बिहान १०:५५ मा उनको मृत्यु भएको थियो । संयोजक डा सिंहले मृतकले भेरोसेल खोपको दोस्रो मात्रासमेत लगाएको जानकारी दिए ।

## विचारसार र सूक्तिहरू

**इन्द्रियजन्य वासना उपभोगबाट शान्त हुँदैन, बढ्दै जान्छ जस्तै आगोमा घ्यूको आहुति ।**

**– वेदव्यास**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कल्याण

**याद राख–** कर्म बन्धनकारक होइन, बन्धनकारक हो कर्म र कर्मफलमा आसक्ति तथा कामना हुन्छ । मनबाट कर्मासक्ति र विषयासक्तिलाई निकाल र भगवान्को साथ चित्तको योग गरेर भगवत्प्रीत्यर्थ कर्म गर– राम्ररी कर्म गर, त्यसपछि त्यो कर्म बन्धनकारक हुनेछैन, न त्यसको अनुकूल र प्रतिकूल फलबाट चित्तमा कुनै हर्ष वा उद्वेग नै हुनेछ ।

**याद राख–** भगवान् नै तिम्रो स्थान हो, तिम्रो परम आश्रयस्थल हो । त्यस नित्य स्थानमा स्थित रहँदै सम्पूर्ण कर्मको आचरण गर । त्यसपछि चाहे तिमी कुनै देश, कुनै गाउँ, कसैको घरमा बस, कुनै आपत्तिको कुरा छैन ।

**याद राख–** तिम्रो लौकिक परिस्थितिमा जस्तोसुकै परिवर्तन होस्, तिम्रो कार्यक्षेत्र र कार्यमा केही पनि फेरबदल होस्, तिमी भगवान्को काख कहिल्यै नछाड, यही तिम्रो आफ्नो घर हो ।

**याद राख–** जब तिम्रो मन–इन्द्रियको सम्पूर्ण काम भगवान्को काखमा बसेरै हुन्छ, तिमी भगवान्का साथ योगस्थ भएर सबै काम गर्छौ, तब तिम्रो सबै काम स्वयमेव पवित्रभन्दा पवित्रतर हुँदै जान्छ । तिम्रो कार्यबाट स्वतः नै लोककल्याण हुनेछ, त्यसमा आनन्द, शान्ति, सामञ्जस्य र कल्याणरूपी फल पाउनेछौ ।

**याद राख–** जुन कर्म आसक्ति र फलकामनालाई लिएर तिमी आफ्नो लागि गर्छौ, त्यो कर्म कहिल्यै पवित्र रहन सक्दैन, किनभने त्यसमा लोककल्याणको र भगवत्पूजाको दृष्टि नै हुँदैन ।

**याद राख–** जब तिम्रो कर्म भगवत्पूजाको लागि हुनेछ, तब तिम्रो सबै चिन्ता मेटिन्छ, सबै कठिनाइ टाढा हुन्छ, सबै प्रतिकूल तथा बाधक परिस्थिति हट्नेछ, चारैतिर एउटा विलक्षण सामञ्जस्य, एउटा सरल समन्वय देखिनेछ । तिम्रो कार्यमा बाधा दिनेहरूको सङ्ख्या क्रमशः घट्नेछ र चारैतिरबाट सहायताको वर्षा हुन थाल्छ ।

**याद राख–** भगवान्को आश्रय, भगवान्को काख यस्तो पवित्र, यति विशद, यति सार्वभौम, सुखदायिनी र कल्याणकारिणी छ कि त्यस्तो स्थान अन्य कतै छैन, न हुन सक्छ र हुनेछ । त्यसमा एउटा विलक्ष्णता र एकपटक जसले त्यस काख पाएको छ, त्यो कहिल्यै त्यस परम सुखद काखबाट ओर्लिनेछैन । एकपटक जो त्यहाँ पुग्छ, त्यो त्यहीको रहन्छ । अतएव त्यो स्वयम् नित्य सुख, नित्य शान्ति र नित्य आनन्दको नित्य निकेतन बन्छ ।

**याद राख–** भगवान्को काखमा स्थान प्राप्त भएपछि तिम्रो जीवनमा एउटा नियमितता आउनेछ । सबै इन्द्रिय, मन, बुद्धि सब आआफ्नो स्थलमा समुचित क्रिया गर्नेछ तर सबैको स्वयम् एकै हुनेछ । जस्तै कतै तबला, सारङ्गी, सितार, हारमोनियम, झ्याँझ आदिको साथ नृत्य हुन्छ र सबैको स्वर एवं नृत्य गर्नेवालाको प्रत्येक पद ठीक तालमा नै पर्छ । सबैमा एउटा अपूर्व समन्वय र सबै एकस्वरमा मधुर तान छोड्दै नृत्यको गतिको साथ मिलेको सङ्गीतको सुन्दरता बढाइरहेको हुन्छ, त्यस्तै तिम्रो जीवन स्वरतालबद्ध समन्वयात्मक मधुर सङ्गीतमय हुनेछ । कतै त्यसमा बेसुरापन हुनेछैन, त कतै ताल–भङ्ग नै हुन्छ, न कतै खुट्टा नै उल्टा–सीधा हुनेछ । बस, लक्ष्य रहनेछ भगवान्, क्रिया हुनेछ, भगवान्को प्रीतिको लागि र फलस्वरूप प्राप्त हुनेछ भगवान् । तिम्रो जीवन र जन्म परम सुखी भएर धन्य हुनेछ र तिम्रो अनन्त जन्मको साध भगवान्को चरणकमललाई प्राप्त गरेर पूर्ण हुनेछ ।

# पाखण्डीले परमात्मा पाउँदैन

श्रीकृष्णप्रति गोपीहरूको प्रेम यतिधेरै बढेको थियो कि उनको वियोग एक क्षण पनि सहन सक्दैन थिए । श्रीकृष्णको वियोगमा उनीहरू मूर्च्छित हुन थाले । श्रीकृष्णले आफ्नो बालमित्रसँग भनेका थिए– कुनै गोपीलाई मूर्च्छा आयो भने मलाई बोलाउनू । मलाई मूर्च्छा उतार्ने मन्त्र आउँछ ।

कुनै गोपीलाई मूर्च्छा आएपछि उनले श्रीकृष्णलाई बोलाउँथे । श्रीकृष्णलाई थाहा थियो गोपीको प्राण ममा अडकिएको छ । उसलाई कुनै वासना छैन । यो जीव अत्यन्त शुद्ध भएको छ एवं मसँग भेट्न आतुर छ । अतः श्रीकृष्णले उनीहरूको टाउकोमा हातले सुमसुमाउँदै कानमा भन्थे, 'शरद्पूर्णिमाको राति म तिमीसँग भेट्छु, तबसम्म धैर्य राख र मेरो ध्यान गर,' यो सुनेर गोपीको मूर्च्छा हराउँथ्यो ।

वृन्दावनमा एकजना वृद्धा गोपी थिइन्, उनले सबै हेर्ने गर्थिन् र यसमा गडबड अवश्य रहेको ठान्थिन् । यी तरुनीहरूलाई मूर्च्छा आउँछ भने कन्हैयाले उनीहरूको कानमा केही मन्त्र पढ्छन् । म पनि यो मन्त्र जान्न चाहन्छु । बूढियाले मूर्च्छित भएको ढोङ्ग गर्दै लड्िन । उनको बुहारीलाई निकै दुःख भयो । उनी कन्हैयालाई बोलाउन दौडिन् ।

श्रीकृष्णले भने, सेतो कपाल भएकाहरूमाथि मेरो मन्त्र चल्दैन । कपाल सेतो भएपछि मन पनि सेतो हुँदैन, प्रभुको नामको माला जप्दैन, यस्तो जीव मरोस् कि बाँचोस्– मलाई केही फरक पर्दैन । म जान्न, अरूलाई बोलाऊ ।

तर गोपीले आग्रह गरिन्, गोपीको शुद्ध प्रेम थियो अतः आग्रहलाई मानेर श्रीकृष्ण गए र भने– उनलाई मूर्च्छा लागेको होइन, भूत लागेको हो तर नडराऊ, भूत उतार्ने मन्त्र आउँछ, एउटा दाउरा ल्याऊ ।

बूढिया डराइन्, लौरोले कतै कन्हैयाले मलाई पिट्ने त छैन । यो ढोङ्ग कतै ममाथि भारी त पर्नेछैन ?

श्रीकृष्णले लौरोबाट दुई/चार पटक हिर्काएपछि बूढियले कराइन्– मलाई नहिर्काऊ, मलाई मूर्च्छा लागेको छैन, न त भूत नै लागेको छ, मैले ढोङ्ग गरेकी हुँ ।

पाखण्ड भूत हो । अभिमान पनि भूत हो । पाखण्डीले परमात्मा कहिल्यै पाउँदैन ।

# सेजमा लगानी : समय र स्रोतको बर्बादी


समयान्तर

ओमप्रकाश खनाल
omkhanal@gmail.com


**वस्तु निकासीको मुख्य अवरोध भनेको हामीकहाँको उत्पादन लागत हो । उत्पादन खर्चको मुख्य अशं पूँजी, श्रम, ऊर्जा, ढुवानीजस्ता पक्ष हामीकहाँ महँगो हुनु नै निकासी व्यापारको समस्या हो । यस्तोमा ६० प्रतिशतको निर्यात शर्त स्वीकार गर्दै सेजमा उद्योग खोल्न कोही पनि जाँदैन ।**

बढ्दो व्यापारघाटा नेपालको अर्थतन्त्रका निम्ति मुख्य समस्या हो । यसको न्यूनीकरणका लागि उत्पादन अभिवृद्धि र निकासीका कुरा निकै भइआएका छन् । तर निकासी प्रवर्द्धनमा आसलाग्दो काम हुन सकेको छैन । बरु निकासी प्रवर्द्धनका लागि भनेरै तयार गरिएका नीति र पूर्वाधारको औचित्यमा प्रश्न उठ्न थालेका छन् । यसको पछिल्लो उदाहरण बनेको छ, विशेष आर्थिक क्षेत्र (सेज) ।

कोरोना महामारीयता उत्पादनमा आएको कमी र माग तथा आपूर्तिमा देखिएको असन्तुलनको बहुआयामिक असर देखिएको छ । आयात ह्वात्तै बढेको छ, निर्यात परिमाण तुलनात्मक बढेको देखिए पनि आयातको अनुपातमा अत्यन्तै न्यून छ । आयात अभिवृद्धिले वैदेशिक मुद्रा सञ्चितिमा दबाब मात्र सिर्जना भएको छैन, आयातका निम्ति पूँजीको माग बढ्दा वित्तीय क्षेत्रमा तरलता सङ्कट गहिरिएको छ ।

अर्थतन्त्रका समग्र सूचक नकारात्मक छन् । अर्थतन्त्रमा देखिएको सकस बढ्दो आयात र त्यसलाई धान्ने स्रोतको कमीका कारण हो । देशमा आन्तरिक उत्पादन कम भएपछि स्वतः मागको आपूर्ति आयातबाटै हुन्छ । यस्तो आयात धान्ने मुख्य स्रोत भनेको वैदेशिक रोजगारबाट आउने आम्दानी (विप्रेषण) नै हो । पछिल्लो समयमा यस्तो आयको आकार पनि ओरालो लागेको तथ्य छ ।

कोरोना महामारीअघि पनि यस्ता समस्या दोहोरिँदै आएका थिए । त्यसअघि पनि हाम्रो उत्पादन र आपूर्तिको आधार परनिर्भर नै थियो । जबसम्म आन्तरिक उत्पादन अभिवृद्धि हुँदैन, आयात नियन्त्रणजस्ता टालटुले उपायले अर्थतन्त्रका छिद्रको स्थायी समाधान सम्भव हुँदैन । आन्तरिक उत्पादन र निकासी बढाउने हो भने मात्रै व्यापार असन्तुलन, वित्तीय सङ्कट र वैदेशिक रोजगारको भर पर्नुपर्ने अवस्थामा सुधार आउने देखिन्छ ।

मौजुदा सङ्कट र अर्थतन्त्रमा देखिएको सम्भावित जोखिमको उपचार स्थानीय उत्पादनको बढावा नै हो । स्वदेशमा उत्पादन बढाउँदा आयात प्रतिस्थापन र निकासी दुवैबाट व्यापारघाटा कम हुन्छ । रोजगार र आयआर्जनका अवसरले स्थानीयको जीवनस्तरमा सकारात्मक परिवर्तन आउँछ । बाह्य रोजगारबाट हुने आय घट्यो भनेर चिन्ता गरिराख्नुपर्ने अवस्थाको पनि अन्त्य हुन सक्छ ।

अब आन्तरिक उत्पादनमा कस्ता कुरालाई अघि बढाउने त ? यो महत्त्वपूर्ण हो । हामीले उत्पादनलाई छनोट गर्दा स्वदेशी कच्चा पदार्थमा आधारित र तुलनात्मक लाभका वस्तुको उत्पादनमा केन्द्रित हुनुपर्दछ । मौलिक वस्तुको उत्पादनले मात्रै निकासीयोग्य र बाह्य बजारबाट लाभ भित्र्याउने सामर्थ्य राख्छन् । विदेशबाट कच्चा पादर्थ ल्याएर नाम मात्रको उत्पादन देखाउने र निकासी गर्ने अहिलेको अभ्यास टिकाउ हुँदैन । यसले आन्तरिक रोजगार र आर्थिक अभिवृद्धिको दिगो योगदान दिन सक्दैन ।

जुन वस्तु उत्पादनभन्दा आयात सहज र सस्तो हुन्छ, त्यस्ता वस्तु उत्पादन गर्नु हुँदैन । ती वस्तुहरू के के हुन सक्छन्, यो अपरिहार्य बहसको विषय हो । यो आलेख भने निकासी अभिवृद्धिका लागि भनेर निर्माण गरिएका वा प्रस्तावनामा राखिएको पूर्वाधारको ओज र औचित्य केलाउन बढी केन्द्रित हुनेछ ।

निकासी व्यापार बढाउन भनेरै हामीकहाँ विशेष आर्थिक क्षेत्र (सेज)को अवधारण अघि ल्याइयो । भैरहवामा सेज निर्माण त भयो, तर आज यसको औचित्यमैं प्रश्न उठिराखेको अवस्था छ, किन ? सेजको अवधारणा गलत होइन, हामीकहाँ यसको कार्यान्वयनको आधार र तौरतरीकामा समस्या देखिएकाले यसको उपादेयतामा प्रश्न उठेको हो ।

विश्वमा पहिलो आधुनिक सेज सन् १९४८ मा प्युटोरिकोमा बनाइएपछि संसारमा तीन हजारभन्दा बढी यस्ता विशेष आर्थिक क्षेत्र निर्माण भए । हामीले अन्य देशले सेजमार्फत निकारी प्रवर्द्धन गरेको देख्यौं । त्यसैलाई हूबहू अनुसरण गर्न खोज्यौं । हाम्रो भूबनावट, पारवहनको अवस्था, अन्तर्राष्ट्रिय बजारसम्मको पहुँचका समस्याजस्ता कुरालाई त्यति ध्यान दिन आवश्यक ठानेनौं ।

चीन, भारत र अन्य देशको सिको त भयो, त्यसमा मौलिक रूपान्तरण आवश्यक ठानिएन । कस्तो किसिमको सेजको निर्माण गर्ने, त्यो देशको भौगोलिक अवस्थामा पनि भर पर्छ । निकासी व्यापारलाई बढी प्राथमिकता दिइने भएकाले त्यस्ता क्षेत्र सिद्धान्ततः तहीय क्षेत्र, बाह्य हवाई क्षेत्र, सुक्खा बन्दरगाह, रेलमार्ग इत्यादिको पहुँच भएका क्षेत्रमा खोलिन्छ । हामीकहाँ १० वटा सेज खोल्ने भनिएको छ । ती एकाधबाहेक अपायक कुनाकन्दरामा योजना बनाइएको छ । कुनै पनि योजना आवश्यकताको आधारभन्दा आग्रहका कारण अघि बढाउने परिपाटी नै अग्रगतिको बाधक मात्र होइन, कालान्तरमा यस्तै योजना लक्षित उद्देश्यमा अवरोध बन्ने गरेका छन् ।

दाताले बनाइदिएका ११ वटा औद्योगिक क्षेत्रको हबिगत हेरौं, एकाधबाहेक सबैजसो गौचरणमा परिणत भएका छन् । जुन उपयोगमा छन् भनिएको छ, त्यहाँ पनि उद्देश्यविपरीतको प्रयोजनमा संचरना दुरुपयोग भइराखेको छ । सरकारले अहिले पुनः सात प्रदेशमा औद्योगिक क्षेत्र बनाउने भनेको थियो । ती पनि न्यून औद्योगिक सम्भाव्यताका अपायक ठाउँमा पारिएको छ । निकासीका सन्दर्भमा ल्याइएका नीतिमा अस्थिरता पनि मुख्य समस्या हो । औद्योगिक क्षेत्रको अवधारणमा शुरूमा उद्योगलाई नै निर्यात प्रवर्द्धनको एकाइ मानिएको हो । पछि निर्यात प्रवर्द्धन केन्द्र र विशेष आर्थिक क्षेत्रको अवधारणा अघि सारिए । जिपिजेडको कुरा आयो हराएर गयो । कहिले हामी आयात प्रतिस्थापनको कुरा गर्छौं, कहिले निर्यात प्रवर्द्धनमा एकोहोरिन्छौं । नीतिगत विरोधाभास र अस्थिरता पनि अर्थतन्त्रको बाधा हो ।

भैरहवामा पाँच वर्षअघि स्थापना गरिएको सेज अहिलेसम्म अपेक्षित सञ्चालन हुन सकेको छैन । उद्योगहरू आकर्षित छैनन् । यो संरचनामा खुलेका उद्योगहरूले पनि निर्यातमा उपलब्धि हात पारेका छैनन् । शुरूमा निर्माण भएर पनि कानूनको अभावमा सञ्चालनमा आउन सकेको थिएन । २०७३ मा विशेष आर्थिक क्षेत्र ऐन आएपछि उपयोगको बाटो खुले पनि लगानीकर्ताको रुचि आकर्षित हुन सकेन, किन ? औद्योगिक नीतिमार्फत सरकारले सेजमा आयकर, मूअक, भन्सारलगायत छुट र सुविधा दिने घोषणा गऱ्यो, तर उद्योगी त्यहाँ जान तयार भएनन् । ७५ प्रतिशत अनिवार्य निकासीको प्रावधानलाई ६० प्रतिशतमा झारे पनि आकर्षण थपिएन । सञ्चालनमा रहेका केही उद्योगमध्ये अधिकांशले यो मापदण्ड पूरा गर्न सकेका छैनन् ।

वीरगंज र भैरहवाजस्ता क्षेत्रमा नयाँ उद्योग खोल्न जग्गाको प्राप्ति नै सबैभन्दा कठिन र खर्चिलो काम बनिराखेको अवस्थामा सरकारले तयार पारेर राखिदिएको क्षेत्रमा उद्योगीको रुचि छैन भने त्यसको कारण के हो ? यसको खोजी आवश्यक छ । वीरगंजमा निर्माण गर्ने भनिएको सेज आजसम्म अलपत्र अवस्थाबाट माथि उठ्न सकेको छैन । सेजकै एउटा कुनामा गार्मेन्ट प्रोसेसिङ जोन बनाइएको थियो । त्यो पनि उद्योगीको अनिच्छाले अन्ततः सरकारले खारेज गऱ्यो ।

सरकारले भैरहवा, वीरगंजबाहेक विराटनगर, पाँचखाल, गोरखा, जुम्ला, धनगढीमा सेजको योजना बनाएको छ । झापा, सिराहा, सप्तरी, धनुषा, रौतहट, चितवन, नुवाकोट, तनहुँ, दाङ र बाँकेमा पनि सेजको सम्भाव्यता अध्ययन गरिएको थियो । त्यो अध्ययनले भैरहवा, वीरगंज र विराटनगर क्षेत्रमा सेज स्थापनाका सिफारिश गरेको थियो । सम्भाव्यता देखिएकै क्षेत्रमा सेजको औचित्यमा प्रश्न उठिराखेकाले अन्य स्थानमा सार्थक हुन नसक्ने देखिएको छ ।

वस्तु निकासीको मुख्य अवरोध भनेको हामीकहाँको उत्पादन लागत हो । उत्पादन खर्चको मुख्य अशं पूँजी, श्रम, ऊर्जा, ढुवानीजस्ता पक्ष हामीकहाँ महँगो हुनु नै निकासी व्यापारको समस्या हो । यस्तोमा ६० प्रतिशतको निर्यात शर्त स्वीकार गर्दै सेजमा उद्योग खोल्न कोही पनि जाँदैन । सेजमा जग्गाको भाडा घटाएर आकर्षित गर्ने नीति सरकारले लिएको देखिन्छ । उत्पादनका मुख्य लागत घटाउनेतिर ध्यान नदिएर जग्गाको भाडामा सहुलियत दिन्छु भन्नु टाउको दुखेको ओखति नाइटोमा दलेजस्तै हो । सरकारले यस्ता निरर्थक योजनाबाट हात झिकेको बेस हुन्छ । औचित्यहीन योजनामा गरिने लगानी समय र स्रोतको बर्बादी मात्रै हुनेछ ।

# सिमकोटमा चार फिटसम्म हिउँ

हुम्ला, २२ माघ/रासस

बिहीवारदेखि लगातार परेको हिमपातले सदरमुकाम सिमकोट सेताम्या भएको छ । लगातारको भारी हिमपातले सदरमुकाम सिमकोटदेखि उत्तरका बासिन्दालाई घरबाट बाहिर निस्कनै समस्या भएको छ ।

सिमकोटमा बेलुकादेखि परेको हिउँ चार फिट जमेको छ । यहाँको तापक्रम माइनसमा झरेपछि जाडो अत्यधिक बढेको छ । हिमपातले नाम्खा गाउँपालिकाको मलिमी, मुचुलगायत क्षेत्रमा चार फिट हिउँ जमेको तुमकोटका बासिन्दा प्रशान्त लामाले जानकारी दिए ।

उनका अनुसार हिमपातले मुचुका खोलामा पानी जमेर बहाव कम भएको छ । सबैतिरको पानी जमेर पूरै ठोस भएको उनले बताए । उनले भने, "जाडोले घरभन्दा बाहिर निस्कन सकिएको छैन, चीसोले खानेपानीका धारा जमेका छन् ।"

अत्यधिक चीसो र हिमपात भइरहेका कारण बिहानैदेखि चहलपहल हुने गाउँहरूसमेत यहाँ सुनसान छन् । निरन्तररूपमा हिउँसँगैको अत्यधिक जाडोले सिमकोट आसपासको जनजीवन निकै प्रभावित बनाएको सहायक प्रमुख जिल्ला अधिकारी दशरथ राईले जानकारी दिए ।



हिउँले सेताम्यै बनेर ढाकिएको म्याग्दीको प्रसिद्ध पर्यटकीय स्थल टोड्के । तस्वीरः रासस

## हिमपातले जुम्लाको विद्युत् सेवा अवरुद्ध

जुम्लालगायत माथिल्लो कर्णालीका जिल्लामा गत बिहीवार रातिदेखि भारी हिमपात भएको छ । सो हिमपातले जुम्लाको राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवा अवरोध हुँदा जुम्लावासी अन्धकारमा बस्न बाध्य भएका छन् । हिमपातले विद्युत् प्रसारण लाइन अवरुद्ध भएको छ ।

हिमपातले ठाउँठाउँमा पोल र तारमा क्षति पुगेपछि विद्युत् अवरुद्ध हुँदा जुम्लावासी अन्धकारमा बस्न बाध्य भएको स्थानीयवासी कर्ण बूढाले बताए । विद्युत् प्रसारण लाइन पुगेपछि बिजुली बाल्ने ग्राहक पछिल्लो समय थपिएका छन् । विद्युत् अवरुद्ध भएपछि खलङ्गाका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रपति सी र पुटिनबीच बेइजिङ ओलम्पिकमा वार्ता

चीन (बेइजिङ), २२ माघ/एएनआई

चिनियाँ राष्ट्रपति सी जिनपिङले शुक्रवार बेइजिङ शीतकालीन ओलम्पिक



चिनियाँ राष्ट्रपति सी जिनपिङ र रूसी राष्ट्रपति भ्लादिमिर पुटिन। तस्वीरः फाइल

शुरू हुनअघि रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गरेका छन्।

न्यानो र मैत्रीपूर्ण वातावरणमा दुई राष्ट्राध्यक्षले चीन–रूस सम्बन्ध, अन्तर्राष्ट्रिय रणनीतिक सुरक्षा र स्थायित्वसँग सरोकार राख्ने प्रमुख मुद्दामा गहन विचार आदानप्रदान गरेको परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा भनिएको जनाइएको छ।

राष्ट्रपति सीले पुटिनको भ्रमणलाई शीतकालीन ओलम्पिकका लागि गेट टुगेदर गर्ने प्रतिबद्धताको रूपमा वर्णन गरेका हुन्। उनले शुक्रवारको वसन्त पर्व बैठकले चीन–रूस सम्बन्धमा नयाँ जीवन्तता थप्ने विश्वास व्यक्तसमेत व्यक्त गरेका छन्।

गहिरो र जटिल विकासले भरिएको अन्तर्राष्ट्रिय परिदृश्यको प्रतिक्रियास्वरूप चीन–रूसले पारस्परिक सहयोगको रणनीतिक समन्वयलाई अझ बावजूद बनाउन, अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायका लागि काँधमा काँध मिलाएर उभिन प्रतिबद्ध रहेको कुरामा जोड दिए।

सीले रूससँगको द्विपक्षीय सम्बन्धको राजनीतिक लाभको पूर्ण फाइदा उठाउन र चौतर्फीरूपमा व्यावहारिक सहयोगलाई अझ फलदायी बनाउन चीनको तत्परतालाई जोड दिएका छन्।

उनले दुवै पक्षले वस्तु तथा सेवा व्यापारको उच्च गुणस्तरीय विकासको रोडम्याप कार्यान्वयन गर्न, कृषि, हरित व्यापार, औषधि तथा स्वास्थ्य, डिजिटल अर्थतन्त्रलगायतका क्षेत्रमा सहयोगलाई प्रगाढ बनाउन र रसदलाई निरन्तरता दिन यातायात पूर्वाधारको अन्तरसञ्जाल बढाउन आवश्यक रहेको बताएका छन्।

युरेशियन महादेश, विश्वव्यापी औद्योगिक र आपूर्ति शृङ्खला स्थिर बनाउन युरेशियन इकोनोमिक युनियनसँग बेल्ट एन्ड रोड सहकार्यलाई थप समन्वय गर्न जोड दिएको बताइएको छ।

विगत दुई दशकमा साङ्घाई सहयोग सङ्गठनले गरेको असाधारण यात्रा र अन्तर्राष्ट्रिय समुदायमा महत्त्वपूर्ण रचनात्मक शक्तिको रूपमा यसको भूमिकालाई स्मरण गर्दै सीले ब्रिक्स सहयोग संयन्त्रलाई अझ प्रभावकारी बनाउन रूससँग सञ्चार र समन्वय बढाउन चीनको तत्पर रहेको पनि उल्लेख गरेका छन्।

सो अवसरमा दुई नेताबीच बहुपक्षीयतालाई कायम राख्न, कोभिड–१९ विरुद्धको सहयोगलाई सुदृढ गर्न र आर्थिक पुनरुत्थानलाई बढावा दिन भूमिका खेल्ने परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

यसैबीच, रूसका राष्ट्रपति पुटिनले ओलम्पिक शीतकालीन खेल बेइजिङ २०२२ को उद्घाटन समारोहमा निमन्त्रणमा उपस्थित हुन पाउँदा खुशी व्यक्त गरेका छन्।

"मलाई विश्वास छ, सावधानीपूर्वक तयारीका साथ, चिनियाँ जनताले विश्वलाई उत्कृष्ट शीतकालीन ओलम्पिक अनुभव प्रदान गर्नेछ," पुटिनले भने। म खेलमा रूसी र चिनियाँ खेलाडीको उत्कृष्ट प्रदर्शनको लागि तत्पर छु।

राष्ट्रपति पुटिनले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ जनताले हासिल गरेको महान् विकासका उपलब्धिका लागि चीनलाई हार्दिक बधाइ दिए।

सो अवसरमा राष्ट्राध्यक्ष सी र राष्ट्रपति पुटिनले बेइजिङ शीतकालीन ओलम्पिकको उद्घाटन समारोहमा आफ्ना खेलाडीलाई खेलकूदमा राम्रो प्रदर्शनका निम्ति शुभकामना व्यक्त गरे।

उद्घाटन समारोहमा राष्ट्रको परेडका लागि ९१ राष्ट्रिय ओलम्पिक समिति ( एनओसी)का खेलाडीले बेइजिङ राष्ट्रिय रङ्गशालामा मार्च गरेका थिए।

बेइजिङ राष्ट्रिय रङ्गशाला वा बर्ड्स नेस्ट ओलम्पिक शीतकालीन र ग्रीष्मकालीन खेल दुवैको उद्घाटन समारोह आयोजना गर्ने पहिलो स्थान बनेको छ।

## दक्षिण कोरियामा एक दिनमा सबैभन्दा धेरै सङ्क्रमित

सोल, २२ माघ/सिन्हवा

दक्षिण कोरियामा कोरोना भाइरसबाट एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन्।

कोरोना भाइरसको नयाँ भेरियन्टको रूपमा देखिएको ओमिक्रोनको सङ्क्रमण फैलिन थालेकाले सङ्क्रमितको सङ्ख्या धेरै भएको अधिकारीले जनाएका छन्। स्वास्थ्य अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा दक्षिण कोरियामा ३६ हजार ३६२ नयाँ सङ्क्रमित भएका छन्। अघिल्लो दिन २७ हजार ४४३ नयाँ सङ्क्रमित थपिएका थिए।

एकै दिनमा ३६ हजारभन्दा बढी सङ्क्रमित भएको शनिवार पहिलोपटक हो।

शनिवारको विवरणसँगै दक्षिण कोरियामा कोरोना भाइरसबाट अहिलेसम्म सङ्क्रमितको कुल सङ्ख्या नौ लाख ७१ हजार १८ पुगेको छ।

नयाँ सङ्क्रमितमध्ये आठ हजार ५६४ राजधानी सोलका मात्रै रहेका छन्। सोही अवधिमा २२ जनाको मृत्यु भएको छ। यससँगै दक्षिण कोरियामा कोरोना भाइरसका कारण मृत्यु भएकाको कुल सङ्ख्या छ हजार ८५८ रहेको छ। रासस

## सीद्वारा विभिन्न देशका राष्ट्र तथा सरकार प्रमुखसँग भेटवार्ता

बेइजिङ, २२ माघ/सिन्हवा

चीनका राष्ट्रपति सी जिनपिङले विभिन्न देशका राष्ट्र तथा सरकार प्रमुखसँग भेटवार्ता गरेका छन्।

चीनको सङ्घीय राजधानी बेइजिङमा शुक्रवारदेखि शुरू भएको ओलम्पिक खेलकूद प्रतियोगितामा सहभागिताका लागि आएका राष्ट्र तथा सरकार प्रमुखसँग उनले भेटवार्ता गरेका छन्।

भेटवार्ताका क्रममा उनले सबै राष्ट्र तथा सरकार प्रमुखसँग दुई पक्षीय हित, आपसी सम्बन्ध, सहकार्य र सहयोग आदानप्रदानका बारेमा छलफल गरेका थिए।

त्यसैगरी, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सरोकारका विषय, शान्ति र स्थायित्वका बारेमा पनि उनीहरूबीचमा छलफल भएको अधिकारीले जनाएका छन्।

राष्ट्रपति सीले काजकिस्तानका राष्ट्रपति कास्यम जोमार्ट तोकायेभ, इजिप्टका राष्ट्रपति अब्देल फताह अल सिसी, टर्कीका राष्ट्रपति गुर्वान्गुली बेर्डीमुखामेडोभ, सर्भियाका राष्ट्रपति अलेक्जेन्डर भुसिकलगायतसँग शनिवार भेटवार्ता गरेका हुन्।

उनले अन्य देशका राष्ट्र तथा सरकार प्रमुखसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको अधिकारीले जनाएका छन्। रासस

## भारतमा ६.१ म्याग्नीच्युडको भूकम्प

नयाँ दिल्ली, २२ माघ/एएनआई

भारतमा ६.१ म्याग्नीच्युडको भूकम्प आएको छ।

देशको दक्षिणपूर्वी क्षेत्रमा केन्द्रबिन्दु भएर भूकम्प आएको अमेरिकी भौगर्भिक सर्वेक्षणले जनाएको छ।

स्थानीय समय अनुसार शुक्रवार राति भूकम्प आएको हो।

भूकम्पका बारेमा थप विवरण र त्यसले पारेको असरसम्बन्धी विवरण भने आउन बाँकी रहेको अधिकारीले जनाएका छन्। रासस

## मधेस प्रदेशसभाबाट चार वर्षमा ४४ विधेयक पारित

जनकपुर, २२ माघ/रासस

प्रदेशसभा स्थापना भएको चार वर्षमा मधेस प्रदेशसभाले ४४ वटा विधेयक




तस्वीरः फाइल

पारित गरेको छ। प्रदेशसभा सचिवालयका अनुसार पारित भएका सबै विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भइरहेको छ।

प्रदेशसभा स्थापनाको चार वर्ष बित्नै लाग्दा गत माघ ३ गते मात्र प्रदेशको नाम मधेस र राजधानी जनकपुरधाम टुङ्ग्याउन सफल मधेस प्रदेशसभाले पारित भएका सबै विधेयक कार्यान्वयन गरिसकेको छ। सङ्घीयता संस्थागत गर्नेदेखि प्रदेश सरकार सञ्चालन र सामाजिक रूपान्तरणसम्बन्धी प्रदेश सरकारबाट आएका महत्त्वपूर्ण विधेयकहरू पारित गर्ने यस प्रदेशले बनाएका कतिपय महत्त्वपूर्ण ऐन कार्यान्वयनमा चुनौती देखिएको प्रदेशसभा सदस्यहरू बताउँछन्।

स्वास्थ्य सेवा, प्रदेश पदक, आर्थिक, प्रदेश प्रहरी सेवा, दलित सशक्तीकरण, प्रदेश निजामती सेवा, प्रदेश आर्थिक, प्रदेश विनियोजन, जनलोकपाललगायतका महत्त्वपूर्ण ४४ वटा विधेयक प्रदेशसभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेको प्रदेशसभा सचिवालयका सचिव रञ्जीतकुमार यादवले जानकारी दिए। उनका अनुसार प्रदेश आवश्यक सेवा सञ्चालन, प्रदेश बालिका संरक्षण र खोप सेवा सञ्चालन गर्ने विधेयक प्रदेशसभामा छलफल हुन बाँकी छ। प्रदेशसभा अन्तर्गतका विभिन्न समितिमा नौवटा विधेयक विचाराधीन अवस्थामा रहेको प्रदेशसभा सचिवलायका सचिव यादवले बताए।

प्रदेश सरकारका विभिन्न मन्त्रालयले तयार गरी विषयगत समितिमा पठाएको प्रदेश जाँचबुझ आयोग गठन, मदर्सा शिक्षा बोर्ड गठन, प्रदेशसभा सञ्चालनसम्बन्धी र प्रादेशिक सवारी तथा यातायात, प्रदेश प्रशासन, संस्था दर्तासम्बन्धी, प्रदेश प्राविधिक शिक्षा परिषद् स्थापनासम्बन्धी, प्रदेश सहकारी, कर तथा गैरकर राजस्व लगाउनेसम्बन्धी विधेयक विचाराधीन अवस्थामा रहेको सचिव यादवको भनाइ छ।

प्रदेशसभा अन्तर्गतका केही विषयगत समितिमा सभापति चयन हुन नसक्दा प्रदेश सरकारबाट आएका ती महत्त्वपूर्ण विधेयकहरू लामो समयदेखि विचाराधीन अवस्थामा रहेको प्रदेशसभा सदस्य दीलिप साहले बताए। प्रदेशसभा अन्तर्गत सातवटा विषयगत समितिहरू छन्, उनले भने, तीमध्ये सार्वजनिक लेखा समिति, प्राकृतिक स्रोत तथा वातावरण समिति र कृषि तथा भूमि व्यवस्था समितिमा सभापति छैनन्।

एकातिर प्रदेशसभा अन्तर्गतका ती समितिहरूमा सभापति चयन हुन सकेको छैन भने अर्कोतिर अन्य विषयगत समितिहरूमा निरन्तर छलफल र बैठक हुनुपर्ने थियो त्यो हुन सकिरहेको छैन भन्दै प्रदेशसभा सदस्य साहले भने, तैपनि प्रदेशसभाले चार वर्षमा विधेयकहरू पारित गरेर कार्यान्वयनमा लगेको छ, यो एकदमै महत्त्वपूर्ण उपलब्धि हो।

प्रदेशसभा अन्तर्गतको रिक्त तीनवटै समितिका सभापति चयन प्रक्रिया प्रदेशसभा सचिवालयले शुरू गरेको छ। प्रदेशसभा सचिवालयले सूचना जारी गरी तीनवटै समितिको सभापति पदका लागि उम्मेदवारी दर्ता गराउन माघ २४ गते बिहान ११ देखि बेलुका ५ बजेसम्मको समय निर्धारण गरेको छ। समितिहरूमा सभापति चयन भएपछि विचाराधीन विधेयकहरू अघि बढ्ने प्रदेशसभा सदस्यहरूको विश्वास छ।

मधेसी जनताको भावना अनुसार प्रदेशसभाले प्रदेशको नाम मधेस प्रदेश कायम गर्न सफल भएकोमा प्रदेशसभा सदस्य रामआशिष यादवले खुशी व्यक्त गरे। हामीले मधेशी जनताको चाहना र सङ्घीयताको भावना अनुसार मधेस प्रदेश राख्न सफल भएका छौं, प्रदेशसभा सदस्य यादवले भने, यो ठूलो र महत्त्वपूर्ण उपलब्धि हो, यसबाट हामी सबै उत्साहित भएका छौं।

## किसानको समस्या समाधान गर्न उच्चस्तरीय समिति

जनकपुर, २२ माघ/रासस

मधेस प्रदेश सरकारले प्रदेशका किसानको समस्या पहिचान तथा समाधान गर्नाका लागि उच्चस्तरीय समिति गठन गरेको छ। शनिवार बसेको मन्त्रिपरिषद्को बैठकले भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विजयकुमार यादवको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय समिति गठन गरेको हो। समितिमा उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री शत्रुघ्न महतो, आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साह, अर्थमन्त्री शैलेन्द्रप्रसाद साह र खानेपानी तथा ऊर्जा विकासमन्त्री ओमप्रकाश सर्राफ रहेका छन्।

समितिलाई कृषि तथा पशुपक्षी विकास, किसानको मलखाद, बीउबिजन तथा सिंचाइ समस्या, बीमाको अवस्था, डुबान कटानको अवस्था, कृषि यान्त्रिकीकरणको अवस्था र आगामी रणनीति, कृषि विद्युतीकरणको अवस्था, मधेस प्रदेशको भूउपयोग नीति निर्माण एवं कृषि सुधारका लागि गरिएका गतिविधिको समीक्षा एवं आगामी योजनाका लागि नीति निर्माण गर्ने जिम्मेवारी दिइएको प्रदेश सरकार प्रवक्ता एवं अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए।

पन्ध्र दिनभित्र अन्तरिम प्रतिवेदन र एक महीनामा पूर्ण प्रतिवेदन मन्त्रिपरिषद्मा पेश गर्न उच्चस्तरीय समितिलाई समय सीमा दिइएको प्रवक्ता साहले बताए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – राज्यलाभ |
| सिंह – रोगभय | कन्या – व्यापारवृद्धि |
| तुला – कडापरिश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – अतिथिआगमन | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### सिमकोटमा चार फिट.....

झन्डै तीन हजार ५०० ग्राहक प्रभावित भएका छन्।

नेपाल विद्युत् प्राधिकरण जुम्ला वितरण केन्द्रका प्रमुख नरेश रावलका अनुसार लगातारको हिमपातले विद्युत्का खम्बा र तारमा क्षति पुगेको हुँदा विद्युत् सेवा अवरुद्ध भएको छ।

मौसम सफा भएपछि कुन ठाउँमा विद्युत् क्षति पुगेको छ, सोही ठाउँमा कर्मचारी खटाएर विद्युत् सञ्चालन गर्न लागिपरेको कार्यालय प्रमुख रावलले बताए। हिमपातका कारण जुम्ला जिल्ला पूरै हिउँले सेताम्य भएको छ। हिउँले विद्यालयको पठनपाठन रोकिएको छ। हवाई तथा सडक यातायात पूर्णरूपमा ठप्प हुँदा यात्रुलाई सास्ती भएको छ।

**कर्णाली राजमार्गमा जमेको हिउँ पन्छाउन थालियो**

कर्णाली राजमार्गमा जमेको हिउँ डोजर लगाएर पन्छाउन थालिएको छ। जुम्लाका प्रमुख जिल्ला अधिकारी विजयाकुमारी प्रसाईंको टोलीले डोजर लिएर हिउँ पन्छाउन थालेको छ। कर्णाली राजमार्गको जुम्ला खण्डको सडकमा झन्डै एक फिट हिउँ जमेको छ।

हिउँमा सवारी चलाउँदा चिप्लिने डरले गर्दा सवारीसाधन चल्न सकेका छैनन्।

आजदेखि मौसम सफा भएपछि काम गर्न सहज भएको सहायक प्रजिअ प्रमिला रिजालले बताइन्। सडक खुलाउनका लागि सदरमुकाम खलङ्गाबाट दुई डोजर प्रयोग भएका छन्। सडक डिभिजनलाई सडक खुलाएर सञ्चालन गर्न निर्देशन दिइएको प्रजिअ प्रसाईंले बताइन्। हिमपातका कारण कर्णालीको सडक मार्ग खुलेको छैन। भारी हिमपातका कारण जुम्लाको हवाई सेवा प्रभावित बनेको छ।


घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका

# कार्यालय बन्द नगर्न ट्रेड युनियनको आग्रह

प्रस, वीरगंज, २२ माघ/

चारवटा ट्रेड युनियनले पर्सा जिल्लाको कार्यालय बन्द नगर्न आग्रह गरेका छन्।

नेपाल निजामती कर्मचारी सङ्गठन पर्साले धोबिनी गाउँपालिकाको विषयलाई लिएर माघ २३ गतेदेखि कार्यालय ठप्प गर्ने निर्णय आफूहरूलाई मान्य नहुने बताएका छन्।

उनीहरूले आपसी छलफल समन्वयबाट समस्याको समाधान खोज्न उचित हुने सुझाएका छन्।

नेपाल निजामती कर्मचारी युनियन पर्साका अध्यक्ष विजयकुमार गुप्ता, नेपाल निजामती कर्मचारी सङ्गठन पर्साका अध्यक्ष सुनीलकुमार रौनियार, नेपाल मधेसी निजामती कर्मचारी मञ्च पर्साका अध्यक्ष फरमान मियाँ, स्थानीय तह कर्मचारी युनियन पर्साका अध्यक्ष घनश्यामप्रसाद कुर्मीले संयुक्तरूपमा विज्ञप्ति जारी गर्दै कार्यालयको कामकाज ठप्प गर्ने निर्णय कार्यान्वयन नगर्न आग्रह गरे। माघ १३ गते धोबिनी गापाको योजना शाखाका प्रमुख पप्पु पटेलमाथि वडासदस्य शान्ति देवीका पति धर्मराउत कुर्मीसमेतले हातपात गरी कार्यालयमा दुई घण्टा थुनेको विषयलाई लिएर नेपाल निजामती कर्मचारी सङ्गठन पर्साले माघ २३ गतेदेखि कार्यालय ठप्प गर्ने चेतावनी दिएको थियो।

सङ्गठनका जिल्ला अध्यक्ष अमित गिरीले माघ २० गते बिहीवार जिल्ला प्रशासन कार्यालय पर्सामा धर्ना दिनुका साथै माग सम्बोधन नभए माघ २३ गतेदेखि पर्सा जिल्लाका सरकारी कार्यालयको कामकाज ठप्प पाने चेतावनी दिएका थिए।

# फेरी अर्को मौसमी प्रणाली विकसित हुने सम्भावना देखिएको छ -मौसमविद्

काठमाडौं, २२ माघ/रासस

विगत केही दिनयतादेखि पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले प्रभावित मौसम शनिवार रातिदेखि क्रमिक सुधार हुँदै जाने भएको छ।


आज रातिबाट सो प्रणाली कमजोर हुँदै जाने सम्भावना रहेकाले आइतवादेखि मौसममा सुधार हुने देखिएको जल तथा मौसम विज्ञान विभागका मौसमविद् प्रतिभा मानन्धरले जानकारी दिइन्।

"आइतवारदेखि दुई/तीन दिन मौसम सुधार हुने र बुधवार–बिहीवारदेखि पुनः अर्को मौसमी प्रणाली विकसित हुने सम्भावना देखिएको छ," उनले भनिन्।

राति प्रदेश नं १, मधेस प्रदेश र वाग्मती प्रदेशमा आंशिकदेखि सामान्य बदली रही देशका अन्य प्रदेशका पहाडी भूभागमा आंशिक बदली रहनेछ। तराईका भूभागमा मौसम सामान्यतया सफा रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। हाल प्रदेश नं १, मधेस प्रदेश, वाग्मती र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली भई केही स्थानमा हल्का वर्षा भइरहेको छ।

### आइतवारदेखि मौसममा सुधार

पश्चिमी न्यून चापीय प्रणालीको





प्रभावले आज पनि देशका अधिकांश स्थानमा बदली रही वर्षा र हिमपात भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। आज प्रदेश १, मधेस प्रदेश, वाग्मती र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली भई केही स्थानमा हल्का वर्षा भएको छ।

महाशाखाको मौसम बुलेटिन अनुसार आज देशका प्रदेश नं १, मधेस प्रदेश, वाग्मती र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली रही अन्य प्रदेशमा आंशिक बदली भएको छ। प्रदेश नं १, मधेस प्रदेश, वाग्मती र गण्डकी प्रदेशका थोरै स्थान तथा अन्य प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना छ। देशका पूर्वी तथा मध्य भूभागका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना छ। रातिको समयमा पनि प्रदेश १, मधेस प्रदेश र वाग्मती प्रदेशमा आंशिकदेखि सामान्य बदली रही देशका अन्य प्रदेशका पहाडी भूभागमा आंशिक बदली रहनेछ। तराईका भूभागमा मौसम सामान्यतया सफा रहनेछ।

हाल देशमा पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव कायमै रहेको छ। भोलि आइतवारदेखि मौसममा क्रमिकरूपमा सुधार आउने महाशाखाले जनाएको छ। आइतवार देशभर आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहनेछ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


**चीसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**







### एकजना महिलासहित....

जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका सहायक राजन श्रीवास्तवले बताए।

सो कार्यक्रममा मनीषा चौधरी, रूपेश पटेल, मदन महतो, अजय पटेल, सन्दीप राउत, अच्छेलाल साह, अजय सहनीलगायतले रक्तदान गरेका थिए।

यसैगरी, इस्लामिक रिसर्च एन्ड पिस फाउन्डेशन, वीरगंज–१४ द्वारा आयोजित रक्तदान कार्यक्रममा ५२ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए।

जाहिद अन्सारी, प्रकाश घिमिरे, अब्दुल अहमद अन्सारी, समसुद्दीन अन्सारी, रमतुल्लाह मियाँ, जामिल अख्तर अन्सारीलगायतले रक्तदान गरेका थिए।

# घरपालुवा पशुपक्षीमा रोग

प्रस, बिरुवागुठी, २२ माघ/

पर्सागढी नगरपालिकालगायत पर्साको ग्रामीण भेगमा घरपालुवा पशुपक्षीमा रोगको प्रकोप देखा परेको छ। किसानहरूले पालेका घरपालुवा कुखुरा, हाँस, परेवामा रोगको प्रकोप देखा परेको हो।

किसानहरूले पालेका कुखुराहरू झोक्राउने, दानापानी नखाने, ख्यारख्यार गर्ने, श्वासप्रश्वासमा समस्याका साथै छाला तथा शिर कालो भई मर्ने गरेको पर्सागढी नगरपालिका– ३ निवासी कुखुरापालक इनरमती देवीले बताइन्। उनले पालेको गिरिराज जातको ४० वटा कुखुरामध्ये रोगको लक्षणका कारण १२ वटा कुखुरा मरेको बताइन्।

यसैगरी, पर्सागढी नगरपालिकाका विभिन्न स्थानमा यही रोगबाट कुखुराहरू मरेको किसानहरूले बताएका छन्।

त्यस्तै, पर्सागढी नगरपालिका–४ निवासी ब्रह्मदेव चौधरीले पालेको हाँस र परेवा खोरमैं मरेको उनले बताए।

पशुसेवा केन्द्र पर्सागढीका प्रमुख इन्द्रकुमार झाले पर्सागढी नपालगायत ग्रामीण भेगमा एक सातायता कृषकहरूले पालेका कुखुरा, हाँस, परेवामा सरुवा भाइरस रोग देखा परेको बताए। उनले



तस्वीरः प्रतीक

घरपालुवा कुखुरा र हाँसमा सातदेखि आठ किसिमका खोप लगाउनुपर्नेमा कृषकहरूले घरपालुवा कुखुरा र हाँसमा खोप नलगाउने गरेका कारण माघदेखि फागुन महीनासम्म सरुवा रोग देखा पर्ने बताए। उनका अनुसार घरपालुवा कुखुरा र हाँसलाई खुला ठाउँमा नछाड्ने र रोगको लक्षण देखिने बित्तिकै नियोडेक्स बोलस, यन डक्स टेट्रामिन औषधि पशु प्राविधिकको सल्लाह अनुसार खुवाउन किसानहरूलाई सुझाए।

# दुग्धेश्वर महादेव मन्दिरमा मेला शुरू

प्रस, पंचगावाँ, २२ माघ/

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने पटेर्वासुगौली गाउँपालिकाको धार्मिकस्थल दुग्धेश्वर महादेव मन्दिरमा शनिवारदेखि दुई दिने मेला शुरू भएको छ। प्रत्येक वर्ष वसन्तपञ्चमीमा दुग्धेश्वर महादेवमा पूजाअर्चना गरिन्छ।

यस वर्ष शनिवार र आइतवार दुई दिन वसन्तपञ्चमी परेकोले आजदेखि मेला शुरू भएको हो। दुग्धेश्वर मन्दिरमा पर्सा, बारा, चितवन, मकवानपुरलगायत भारतका विभिन्न स्थानबाट भाकल गरेकाहरूले भजन किर्तन, अष्टजाम गरी पूजा गर्छन्।

वसन्तपञ्चमीको दिन दुग्धेश्वर महादेवको मन्दिरमा विभिन्न स्थानमा जल भरेर बिटोरहरूले जल चढाउने गर्छन्।

शनिवार र आइतवार मन्दिरमा ठूलो मात्रामा भीड हुने गरे पनि यस वर्ष कोरोनाको कारण स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरेर शनिवार र आइतवार दुई दिन मेला भर्नको लागि निकुञ्जले स्वीकृति प्रदान गरेको छ। सोही अनुरूप शनिवार र आइतवार यहाँ मेला लागेको छ।

यस वर्ष दुई दिन वसन्तपञ्चमी परेकोले दुग्धेश्वर महादेव मन्दिरमा शनिवार र आइतवार मेला लागेको हो।

# शनिवार सरस्वतीपूजा मनाइएको

प्रस, पर्सागढी, २२ माघ/

पर्सागढी नगरपालिका र पोखरिया नगरपालिकामा शनिवार सरस्वतीपूजा मनाइएको छ।



पर्सागढी/



पोखरिया/

तस्वीरः प्रतीक

पर्सागढी नगरपालिकाका वडाध्यक्ष रामनारायणप्रसाद गौरोले पिता स्व किसुन महतो र आमा स्व चैनी देवीको स्मृतिमा नेरामावि बडेर्वामा सरस्वती माताको मूर्ति स्थापना गरेका छन्।

शनिवार कार्यक्रममा विद्यालयका प्रधानाध्यापक चेतमनदास थारूले सरस्वती माताको मूर्ति स्थापना गरेका हुन्।

कार्यक्रममा वडाध्यक्ष वेदमानदास थारू, शिक्षक बालेश्वर चौधरीलगायतको सहभागिता थियो।

**प्रस, पोखरिया/**

यसैगरी, पोखरियामा पनि सरस्वतीपूजा मनाइएको छ।

तिथिको हिसाबले शनिवार र आइतवार बिहान ६ बजेसम्म वसन्तपञ्चमी (सरस्वतीपूजा)भएकोले केही स्थानमा आज सरस्वतीपूजा गरिएको थियो।

थोरै स्थानमा शनिवार सरस्वतीपूजा गरिए पनि धेरै स्थानमा आइतवार सरस्वतीपूजाको तैयारी गरिएको छ।

# प्रहरीद्वारा जीराभवानीमा न्यानो कपडा वितरण

प्रस, सेढवा, २२ माघ/

प्रहरीले जीराभवानी गाउँपालिकामा न्यानो कपडा वितरण गरेको छ।

इलाका प्रहरी कार्यालय, सेढवामा वडा नं १, २ र ३ का दलित, अपाङ्ग, असक्त, अतिविपन्न, एकल महिला ४४ जनालाई न्यानो कपडा वितरण गरेको प्रहरी नायब निरीक्षक तीर्थबहादुर खत्रीले बताए।

ट्राउजर, भेस्ट, ज्याकेट, गन्जी एक/एक थान ४४ जनालाई वितरण गरिएको प्रनाउ खत्रीले बताए।

यसैगरी, इप्रका सेढवाकै आयोजनामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ। वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा निश्शुल्क आँखा शिविर सञ्चालन गरिएको थियो।



तस्वीरः प्रतीक

शिविरमा डा अमन साह र प्रभात चौरसियाले आँखा चेकजाँच गरेका थिए। कार्यक्रममा गापा उपाध्यक्ष उषादेवी थरुनी, वडाध्यक्ष महादेव महतो थारूलगायतको सहभागिता थियो।